# रेडियोमा पुस्तक : निरन्तरताको खोजीमा

अर्जुन पन्थी

## परिचय

नेपालमा एफएम रेडियोको विस्तार बितेको दशकमा अत्यधिक भयो र त्यस विस्तारसँगै यो लोकप्रिय माध्यम पनि बन्न पुग्यो ।[१] सन् २००९ मा गरिएको एक अनुमानअनुसार त्यस बेला सञ्चालनमा रहेका २०० जति एफएम रेडियो स्टेसनलाई झण्डै ७०-८० प्रतिशत जनसङ्ख्याले सुन्छ (वन्त सन् २००९) । यसको सहज र सुलभ पहुँचका कारण निरक्षर, साक्षर, गाउँवासी, सहरवासी, दृष्टिविहिन जो कोही पनि रेडियोको उपयोग गरिरहेको हुन्छ ।

यी एफएम रेडियोले विभिन्नखाले कार्यक्रमहरू श्रोताहरूलाई पस्किरहेका छन् । पुस्तकसम्बन्धी छलफल गरिने कार्यक्रमहरू भने नेपाली एफएम रेडियोमा पर्याप्त सुनिँदैन । पुस्तकसम्बन्धी चर्चा र छलफल गर्ने कार्यक्रम-- *रेडियोमा पुस्तक* मार्टिन चौतारी र कम्युनिकेसन कर्नरको सहकार्यमा वि.सं. २०५८ मा चलेको थियो । त्यसभन्दा अघि यस्ता छलफल गर्ने कार्यक्रम एफएम रेडियोहरूमा भएको पाईंदैन । यद्यपि, रेडियो नेपालबाट बज्ने विभिन्न साहित्यिक कार्यक्रममा साहित्यिक पुस्तकहरूको चर्चा हुने गर्दथे (उप्रेती २०५७) । एफएम रेडियोमा पनि आक्कलझुक्कल

---

१ यो लेख मार्टिन चौतारीद्वारा २०६६ चैत १२-१३ मा काठमाडौँमा आयोजित 'मिडिया अनुसन्धान सम्मेलन २०१०' मा प्रस्तुत गरिएको थियो ।

कुनै पुस्तकमाथि छलफल हुने गर्थ्यो। एफएम रेडियोमा साहित्यिक पुस्तकको वाचन गर्ने कार्यक्रमहरू २०५७ सालदेखि सुरु भएका हुन्, यस्तो एउटा कार्यक्रम हिट्स एफएममा अझै बजिरहेको छ। पछिल्लो समयमा पुस्तककै मात्र चर्चा गर्ने भनेर केही कार्यक्रमहरू सुरु भए। तर ती कार्यक्रमहरू नियमित रूपमा चलेका छैनन्। या त ती केही समय अस्तित्वमा आएर बन्द भइसके अथवा दोहोरिएर बजिरहेका छन्। नयाँ आउने क्रम पनि चलिरहेकै छ। यस्ता कार्यक्रमले निरन्तरता नपाउनुको मुख्य कारण यी कार्यक्रमहरू एफएम रेडियोको प्राथमिकतामा नपर्नु हो। एफएम रेडियोका लगानीकर्ताहरू पुस्तकसम्बन्धी कार्यक्रमहरू चल्दैनन्, भन्ने सोच राख्छन्। त्यसको आधार, ती कार्यक्रम सञ्चालनार्थ विज्ञापन आउँदैन र कार्यक्रम प्रस्तोता पनि पाइँदैन भन्ने हो। तर एफएम रेडियोले पुस्तक प्रवर्द्धन गर्ने व्यक्ति, सरकारी वा गैरसरकारी सङ्घसंस्था, प्रकाशनगृह, पुस्तक विक्रेता आदिसँग सहकार्यको लागि छलफल गर्न सकेको छैन। यी सङ्घसंस्थासँग छलफल र सहकार्य भएमा एफएम स्टेसनका आफ्नै कार्यक्रम प्रस्तोताले पनि यस्तो कार्यक्रम चलाउन सक्छन् भन्ने यो लेखको तर्क हो।

यो अध्ययन काठमाडौँ उपत्यकाका एफएम रेडियोहरूमा मात्र सीमित छ। साथै, यो लेखमा पुस्तकसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने पक्षको मात्र अध्ययन गरिएको छ। सुन्ने पक्षको अध्ययन गरिएको छैन। पुस्तकसम्बन्धी चाखलाग्दा छलफल कार्यक्रम नभएको (वन्त सन् २००९) सन्दर्भमा यो अध्ययन एफएम रेडियोका कार्यक्रम प्रस्तोता, लगानीकर्ताहरूमाथि सीमित गरिएको हो। साहित्यिक पुस्तकसम्बन्धी चर्चा साहित्यिक कार्यक्रममा पनि हुन्छन्। त्यसैले एफएमका साहित्यिक कार्यक्रमहरू यो अध्ययनको खोजीमा परेका छन्। त्यसका लागि सम्बन्धित कार्यक्रमका प्रस्तोता र एफएमका स्टेसन म्यानेजरहरूसँग कुराकानी गरिए। साथै, २०६६ साल पुस र माघ महिनामा एफएम रेडियोमा चलिरहेका यस्ता कार्यक्रमहरू पनि सुनिएको थियो। त्यसका अतिरिक्त पुस्तक विक्रेता वा प्रकाशन गृहका सञ्चालक, विभिन्न सङ्घसंस्थाका व्यक्तिहरूसँग कुराकानी गरिएको छ। पुस्तक कार्यक्रमलाई आर्थिक सहयोग गर्न सक्ने/नसक्ने धारणा बुझ्नको लागि उनीहरूको विचारलाई पनि समावेश गरिएको छ। यसमार्फत एफएम रेडियोमा पुस्तकसम्बन्धी कार्यक्रम सञ्चालनार्थ आर्थिक सम्भावना के छ भन्ने जान्न सकिन्छ।

लेखको पहिलो खण्डमा २०६६ पुस र माघ महिनामा उपत्यकाका एफएम रेडियोहरूमा चलिरहेका र बन्द भैसकेका साहित्यिक कार्यक्रम (पुस्तकसम्बन्धी चर्चा गर्ने) हरूको विवरण छ। विषयवस्तु र ढाँचाबारे विश्लेषण लेखको दोस्रो खण्डमा गरिएको छ। कार्यक्रमहरू कसरी चलिरहेका छन् भनी आर्थिक पक्ष

केलाउने काम लेखको तेस्रो खण्डमा गरिएको छ। र, चौथो खण्डमा एफएम रेडियोमा पुस्तकसम्बन्धी कार्यक्रमको सम्भावनाबारे अध्ययन गरिएको छ।

## कार्यक्रमको विवरण

उपत्यकामा ज्यादै थोरै एफएम रेडियोहरूले मात्र पुस्तकमा आधारित कार्यक्रम चलाएका छन्। क्यापिटल एफएमको *पुस्तक संसार*, इमेज एफएमको *आरोह* र मेरो एफएमको *कृताञ्जली* पुस्तकमा आधारित कार्यक्रमहरू हुन्। तर *कृताञ्जली* कार्यक्रम २०६६ मङ्सिरदेखि प्रसारणमा छैन। *पुस्तक वाचन*लाई पुस्तकमा आधारित कार्यक्रमअन्तर्गत राख्ने हो भने त्यस्ता दुईओटा कार्यक्रमहरू बज्छन्। पहिलो हिट्स एफएमको *अभिव्यक्ति* र दोस्रो उज्यालो एफएमको *श्रुति संवेग*। त्यसबाहेक पुस्तकसम्बन्धी कार्यक्रम अन्य एफएम रेडियोमा छैनन्। यी कार्यक्रमहरूमा साहित्यिक पुस्तकको मात्र चर्चा वा वाचन हुने गर्छ। यद्यपि रेडियो सगरमाथाले *आजका कुरा, खानेपानी र सरसफाइको बहस, चिटिक्क, वातावरण डबली, संविधान सभा डबली* (अध्ययन अवधिमा *हाम्रो संविधान हाम्रै सरोकार*) मा आक्कलझुक्कल गैर साहित्यिक पुस्तकहरूको चर्चा गर्ने गरेको छ।[२] वि.सं. २०५८ मा मार्टिन चौतारी र कम्युनिकेसन कर्नरको सहकार्यमा *रेडियोमा पुस्तक* भन्ने कार्यक्रम पनि चलेको थियो। यसमा गैर साहित्यिक पुस्तकबारे पनि चर्चा गरिएको कुरा त्यति बेलाको स्वराङ्कन सुनेर थाहा पाउन सकिन्छ। तर यो कार्यक्रम २०५८ सालपछि बन्द भयो। *रेडियोमा पुस्तक* कार्यक्रमसँग मिल्ने *पुस्तक संसार* र *कृताञ्जली* भए पनि ती साहित्यिक पुस्तकहरूमाथि आधारित कार्यक्रमहरू हुन्।[३] गैर साहित्यिक पुस्तकलाई नै आधार मानेर २०६६ पुस र माघ महिनामा नियमित कार्यक्रम उत्पादन गरिएको छैन।

तालिका १ मा काठमाडौँ उपत्यकामा सञ्चालित एफएम रेडियोहरूमा २०६६ माघसम्म सञ्चालनमा रहेका साहित्यिक कार्यक्रमको विवरण दिइएको छ।

---

[२] रेडियो सगरमाथाका प्रमुख कार्यक्रम सञ्चालक सञ्जीव अधिकारीसँग २०६६ पुस २९ मा गरेको कुराकानी।

[३] रेडियोमा पुस्तकसम्बन्धी मात्र होइन पुस्तकालयसम्बन्धी कार्यक्रमहरू पनि बजेको पाइन्छ। पर्यावरण चक्र एफएमले *पुस्तकालय* भन्ने कार्यक्रम बजाउँछ। काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय र वातावरण पुस्तकालय (पर्यावरण चक्र एफएम) को संयुक्त पहलमा यो कार्यक्रम बज्ने गरेको छ। उपत्यकाबाहिर पनि पुस्तक, पुस्तकालय र पाठकसम्बन्धी *पुस्तकालय* कार्यक्रम रुम टु रिडको आर्थिक सहयोगमा रेडियो पर्वतमा चलिरहेको छ। विद्यालयको पुस्तकालय विकासको निम्ति यसले हप्तामा एउटा कार्यक्रम गरिरहेको छ। पुस्तकालयका कर्मचारी र एफएम स्टेसनका प्रस्तोता मिलेर यो कार्यक्रम गरिरहेका छन्।

**तालिका १ : काठमाडौँ उपत्यकामा २०६६ माघसम्म सञ्चालनमा रहेका साहित्यिक कार्यक्रम (जहाँ पुस्तकको चर्चा गरिन्छ) हरूको विवरण**

| क्र.सं. | एफएम स्टेसनको नाम | कार्यक्रम | विषयवस्तु | प्रसारण हुने समय | प्रस्तोता | कार्यक्रम सुरु मिति |
|---|---|---|---|---|---|---|
| १. | इमेज एफएम | आरोह | नयाँ किताबबारे सर्जकसँग कुराकानी | आइतबार साँझ ७:००-७:२५ | ठाकुर बेल्बासे | २०६५ भदौ |
| २. | उज्यालो नेटवर्क | श्रुति संवेग | गद्य साहित्य (स्वदेशी विदेशी दुवै) वाचन | मङ्गलबार र शुक्रबार राति ९:१५-१०:०० | अच्यूत घिमिरे | २०६५ मङ्सिर |
| ३. | कान्तिपुर | स्पन्दन र सुसेली | कथा, कविता उपन्यासका टुक्राहरू वाचन | मङ्गलबार बिहान ७:३०-८:०० (स्पन्दन) र बेलुका ९:३०-१०:०० (सुसेली) | हेम भण्डारी | २०५९ |
| ४. | क्यापिटल एफएम | पुस्तक संसार | साहित्यिक कृतिबारे जानकारी; दस उत्कृष्ट पुस्तकको सूची प्रसारण | शनिबार बिहान ८:१५-९:०० | कृष्ण धाराबासी र तुलसा पाठक | २०६४ |
| ५. | गोर्खा एफएम | सम्बोधन | साहित्यिक समाचार; स्रस्टासँग कुराकानी; नयाँ पुस्तकको समीक्षा | शनिबार बिहान ८:००-८:५५ | मोमिला | २०६४ मङ्सिर |
| ६. | नेपाल एफएम | साहित्य सुधा | काव्य, महाकाव्य, कथा, निबन्ध, उपन्यासवाचन; स्रष्टाको व्यक्तित्व र कृतित्वबारे चर्चा; उपत्यका बाहिरका साहित्यकारसँग कुराकानी; साहित्यिक कार्यक्रमको रिपोर्टिङ | विहिबार बेलुका ९:००-१०:०० र पुन: प्रसारण शनिबार बिहान १०:००-११:०० | नरनाथ लुइँटेल | २०६३ |
| ७. | पर्यावरण चक्र एफएम र काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालय | पुस्तकालय | पुस्तकालय गतिविधि; विभिन्न स्कूल/कलेजका पुस्तकालय बारे जानकारी; पुस्तकालय प्रमुखसँग अन्तर्वार्ता; पुस्तकालयमा प्राप्त नयाँ पुस्तकबारे जानकारी | मङ्गलबार ६:००-७:०० | गोविन्द दाहाल | २०६४ |
| ८. | मेट्रो एफएम | शब्द साङ्ग्रिला | नयाँ साहित्यिक पुस्तक परिचय; लेखक तथा समालोचकसँग कुराकानी; कविको परिचय सहित कविता प्रसारण | आइतबार, मङ्गलबार र शुक्रबार बिहान ९:३०-१०:०० | ज्ञानेन्द्र 'विवश' | २०५७ |
| ९. | रेडियो मिर्मिरे | जनसाहित्य | प्रगतिशील पुस्तक र स्रष्टासँग कुराकानी | शुक्रबार बिहान ८:००-८:३० | केशव सिलवाल | २०६५ वैशाख |
| १०. | रेडियो सगरमाथा | भाषा साहित्य तथा सञ्चार डवली | भाषा, साहित्य तथा सञ्चारका विषयमा आधारित अन्तर्वार्ता | सोमबार ८:००-८:३० | लोकराज अधिकारी/ घमराज लुइँटेल | २०५६ फागुन |
| ११. | हिट्स एफएम | अभिव्यक्ति | उपन्यास वाचन, कथा नाटक पनि वाचन | शनिबार राति १०:००-११:०० पुन: प्रसारण बुधबार राति २:००-३:०० | अर्जुन घिमिरे | २०५७ |

स्रोत : सम्बन्धित एफएम स्टेसनका कार्यक्रम उत्पादक वा कार्यक्रम प्रमुख अथवा स्टेसन म्यानेजरसँगको कुराकानी ।

एफएमहरूमा पुस्तकलाई हुबहु वाचन गर्ने कार्यक्रम नयाँ होइनन् । हिट्स एफएमले उपन्यास पढ्ने *अभिव्यक्ति* कार्यक्रम आफ्नो स्थापना काल (२०५७) देखि बजाएको छ । हिट्स एफएममा यो कार्यक्रमलाई विगतमा प्रकाश सायमी, रवि श्रेष्ठ, मन्दिरा ढुङ्गेलले प्रस्तुत गर्थे । अहिले अर्जुन घिमिरेले प्रस्तुत गरिरहेका छन् । उज्यालो नेटवर्कमा पनि गद्य साहित्यको हुबहु वाचन गर्ने *श्रुति संवेग* कार्यक्रम छ । *श्रुति संवेग*का प्रस्तोता अच्यूत घिमिरेले २०५७ सालदेखि नै वाचन सुरु गरेका हुन् । यिनले रेडियो एचबिसीबाट वाचन यात्रा सुरु गरेका हुन् । रेडियो मिर्मिरेले प्रगतिशील साहित्यलाई स्थापित गर्ने उद्देश्यले *जनसाहित्य* भनेर हप्तामा एउटा कार्यक्रम सञ्चालन गर्छ जसमा वामपन्थी साहित्यको चर्चा गरिन्छ ।

केही साहित्यिक पुस्तकलाई स्रोत र आधार बनाएर चलाइएका कार्यक्रमहरू भने बन्द भैसकेका पनि छन् । तालिका २ मा देखाइएझैँ क्यापिटल एफएममा राजेन्द्र पराजुलीले चलाएको *राउण्ड टेबल,* मेरो एफएममा *कृताञ्जली* कार्यक्रम २०६६ साल पुस र माघ महिनाभन्दा पहिला नै बन्द भैसकेका कार्यक्रमहरू थिए ।[४] इमेज एफएममा श्रीओम श्रेष्ठ 'रोदन' ले चलाउने साहित्यिक कार्यक्रम *सारस्वत* पनि यो अनुसन्धान गर्ने अवधिमा सञ्चालनमा थिएन ।[५] गोवर्द्धन पुजाले मैत्री एफएममा चलाउने *साहित्य संसार* कार्यक्रम पनि यो अध्ययनको अवधिमा प्रसारणमा थिएन ।[६] दस वर्षे माओवादी जनयुद्धका योद्धाहरूले लेखेका संस्मरणात्मक कृतिहरू वाचन गर्ने कार्यक्रम *स्मृतिका पानाहरू* पनि रेडियो मिर्मिरेले सञ्चालन गरेको हो । तर यो कार्यक्रम २०६६ भदौदेखि बन्द भएको छ ।[७] यसरी केही यस्ता कार्यक्रमहरूले निरन्तरता पाउन सकेका छैनन् ।

तालिका २ मा काठमाडौँ उपत्यकामा सञ्चालित एफएम रेडियोहरूमा २०६६ साल माघसम्म बन्द भैसकेका साहित्यिक कार्यक्रमको विवरण तयार पारिएको छ ।

तालिका २ मा उल्लिखित धेरैजसो कार्यक्रमहरू प्रस्तोताको रुचिमा चलेका कार्यक्रमहरू हुन् र प्रस्तोताहरू स्वयंसेवी थिए । त्यसैले उनीहरूको रुचि नहुँदा

---

[४] राजेन्द्र पराजुलीसँग २०६६ पुस १७ र मेरो एफएमका स्टेसन म्यानेजर दीपक समिरसँग २०६६ पुस १४ मा गरेको कुराकानी ।

[५] इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्यसँग २०६६ माघ १७ मा गरेको कुराकानी ।

[६] मैत्री एफएमका सिफ्ट इन्चार्ज नरोत्तम मानन्धरसँग २०६६ पुस १९ मा गरेको कुराकानी ।

[७] रेडियो मिर्मिरेका निर्देशक विष्णु सापकोटासँग २०६६ पुस १० मा गरेको कुराकानी ।

**तालिका २ : उपत्यकामा २०६६ माघसम्म बन्द भैसकेका कार्यक्रम (जहाँ पुस्तकको चर्चा गरिन्छ) हरूको विवरण**

| क्र.सं. | रेडियो स्टेसन | कार्यक्रम | विषयवस्तु | प्रस्तोता | कार्यक्रम सुरु र अन्त्य भएको मिति |
|---|---|---|---|---|---|
| १. | इमेज एफएम | सारस्वत | साताभरि प्रकाशित कृतिहरूको समाचार; एउटा कृतिको समीक्षा; कृतिकारको धारणा | श्रीओम श्रेष्ठ 'रोदन' | २०५६-२०५९ |
| २. | कम्युनिकेशन कर्नर र मार्टिन चौतारीको सहकार्यमा ४ ओटा नेटवर्क रेडियो स्टेसनहरू, मनकामना एफएम हेटौंडा, रेडियो मदन पोखरा, पाल्पा स्वर्गद्वारी एफएम प्युठान र रेडियो लुम्बिनी, रुपन्देही मा प्रसारित | रेडियोमा पुस्तक | लेखकहरूसँग पुस्तकबारे छलफल; नयाँ पुस्तकबारे जानकारी | प्रत्यूष वन्त, सङ्गीता पाण्डे, अजित बराल, देवराज हुमागाई र हर्षमान महर्जन | २०५८-२०५९ |
| ३. | क्यापिटल एफएम | राउण्ड टेवल | कुनै पुस्तकबारे दुईजना पाठकहरूसँग कुराकानी | राजेन्द्र पराजुली | २०६५ जेठ-२०६५ भदौ |
| ४. | मेरो एफएम | कृताञ्जली | पुस्तक परिचय; समीक्षा र सर्वसाधारणसँग पुस्तकबारे प्रतिक्रिया; सर्जकसँग कुराकानी | एलिना अदिप्त | २०६६ जेठ-२०६६ मङ्सीर |
| ५. | मैत्री एफएम | साहित्य संसार | पुस्तक समीक्षा; साहित्यकारसँग अन्तर्वार्ता | गोवर्द्धन पुजा | २०६४ जेठ-२०६६ मङ्सीर |
| ६. | रेडियो मिर्मिरे | स्मृतिका पानाहरू | माओवादी जनयुद्धका जीवित योद्धाहरूको संस्मरणात्मक कृतिहरूको वाचन | दीपशिखा | २०६४ चैत-२०६६ भदौ |

स्रोत : सम्बन्धित एफएम स्टेसनका कार्यक्रम उत्पादक वा कार्यक्रम प्रमुख अथवा स्टेसन म्यानेजरसँगको कुराकानी ।

यी कार्यक्रमहरू बन्द भए । *रेडियोमा पुस्तक* कार्यक्रम चाहिँ निश्चित समयको लागि जापान फाउण्डेसन एसिया सेन्टरबाट प्राप्त आर्थिक सहयोगमा सञ्चालित थियो । निश्चित शृङ्खला समाप्त भएपछि, पुनः सहयोगको खोजी गरिएन र कार्यक्रम बन्द हुन पुगेको हो । इमेज एफएमको कार्यक्रम *सारस्वत* सुरु भएको केही समयपछि दोहोरिन थाल्यो । कार्यक्रम प्रस्तोताले समय नदिएकाले नै दोहोरिन थालेको र अन्ततः कार्यक्रम बन्द हुन पुगेको तर्क स्टेसन म्यानेजर भरत शाक्यको छ ।[८] तर कार्यक्रम बज्ने समयलाई बेचिएकाले कार्यक्रम बन्द हुन पुगेको इमेज एफएममा हाल बजिरहेको *आरोह* कार्यक्रमका प्रस्तोताको तर्क छ ।[९] *कृताञ्जली* र *स्मृतिका पानाहरू* जस्ता कार्यक्रमहरू चाहिँ स्वयंसेवक प्रस्तोताको प्रयोगका कारण बन्द हुन पुगेका हुन् । *राउण्ड टेबल* र *साहित्य संसार* जस्ता कार्यक्रमहरू साहित्यकारको रुचिले चलेका हुन् । केही समयपछि ती पनि बन्द भए । यसरी एफएम स्टेसनहरूले व्यक्तिगत रुचिमा कार्यक्रम चलाउन समय दिन्छन् । तर त्यसका लागि आवश्यक लगानी भने गर्दैनन् । त्यसैले यी कार्यक्रमहरू धेरै टिकेका छैनन् ।

## विषयवस्तु र ढाँचा

तालिका १ र २ का धेरैजसो कार्यक्रमहरू मिश्रित ढाँचामा आधारित छन् । मिश्रित कार्यक्रममा कथा, कविता, उपन्यासका टुक्राहरू एउटै कार्यक्रममा अटाएका हुन्छन् । केही कार्यक्रम यो मिश्रित ढाँचाभन्दा फरक ढङ्गले चलेका छन् । यी कार्यक्रमहरू थोरै छन् । जस्तो पुस्तक हुबहु वाचन गर्ने, साहित्यिक पुस्तकको बारेमा जानकारी दिने कार्यक्रमहरू मिश्रित ढाँचाभन्दा फरक ढङ्गले चलेका कार्यक्रमहरू हुन् । यसअन्तर्गत पुस्तकालयलाई आधार मानेर चलाइएका कार्यक्रमहरू पनि पर्दछन् । यसरी विषयवस्तुका आधारमा मिश्रित ढाँचाका साहित्यिक कार्यक्रमलाई एक ठाउँमा राख्न सकिन्छ । अन्य कार्यक्रमका विषयवस्तुलाई अलग-अलग शीर्षकमा व्याख्या गर्न सकिन्छ ।

### *मिश्रित विषयवस्तुमा आधारित कार्यक्रम*

यस अन्तर्गत कथा, कविता तथा उपन्यासका टुक्राहरू वाचन गर्ने, स्रष्टासँग अन्तर्वार्ता लिने, गीत बजाउने साहित्यिक कार्यक्रमहरू पर्छन् । तालिका १ र २

---

[८] शाक्यसँग २०६६ माघ १७ मा गरेको कुराकानी ।

[९] इमेज एफएमको *आरोह* कार्यक्रमका प्रस्तोता ठाकुर बेल्बासेले मार्टिन चौतारीमा २०६६ भदौ १८ मा आयोजित 'रेडियोमा साहित्यिक कार्यक्रम' विषयक छलफल कार्यक्रममा व्यक्त गरेको विचार ।

मा हेर्न सकिन्छ, जहाँ धेरै कार्यक्रमका विषयवस्तु मिश्रित नै छन् । नेपाल एफएमको *साहित्य सुधा*, मेट्रो एफएमको *शब्द साङ्ग्रिला*, कान्तिपुरको *स्पन्दन/सुसेली*, कार्यक्रमहरूमा मिश्रित विषयवस्तुहरू प्रसारण हुन्छन् । यो ढाँचामा कार्यक्रम सञ्चालन गर्न सजिलो भएकाले पनि विषयवस्तु मिश्रित भएका हुन् । विषयवस्तुमाथि एफएमका लगानीकर्ताले निगरानी राख्दैनन् । कार्यक्रमको ढाँचा निर्माण गर्ने स्वतन्त्रता एफएम रेडियोमा कार्यक्रम सञ्चालकलाई हुन्छ । जस्तो नेपाल एफएमको *साहित्य सुधा* कार्यक्रममा विभिन्न राजनीतिक विचार बोकेका साहित्यलाई पनि स्थान दिइन्छ । साहित्यकार कृष्ण सेन 'इच्छुक' को आवाजसहित उहाँको बारेमा बनाइएको कार्यक्रम तीनपटक दोहोऱ्याएको अनुभव प्रस्तोतासँग छ ।[१०] सोही कार्यक्रममा कथा वा उपन्यासका टुक्रा पढ्दा सञ्चालकले बीच-बीचमा कविता प्रसारण गर्छन् । जस्तो पारिजातको *पर्खाल भित्र पर्खाल बाहिर* भन्ने पुस्तक वाचन गर्दा ८ महिना लाग्यो । उपन्यास पढ्दा बीच-बीचमा कविता वाचन गरेकाले पनि धेरै समय लागेको हो । यसरी विषयवस्तु छनोट गर्न कार्यक्रम सञ्चालक स्वतन्त्र हुन्छन् ।

कार्यक्रम सञ्चालकले एउटै विषयवस्तुमा कार्यक्रम सञ्चालन गर्न अप्ठ्यारो भएकाले पनि विषयवस्तु मिश्रित भएका हुन् । इमेजमा *आरोह* कार्यक्रम चलाउने ठाकुर बेल्बासे भन्छन्, "नयाँ पुस्तकबारे मात्र कुराकानी गर्दा कार्यक्रममा समय बच्ने भएकाले सर्जकसँग भलाकुसारीको अंश कार्यक्रममा नथपी हुँदैन ।"[११] लेखकसँगको कुराकानीमा खास गरी किताबको पृष्ठभूमि, पुस्तकमा लेखकले कुन कुरालाई मुख्य रूपमा चर्चा गरेको छ, प्रकाशनबाट लेखक कत्तिको सन्तुष्टी भएको छ भन्ने जस्ता प्रश्नहरू गरिन्छन् । यदि लेखकले यसभन्दा अघि कुनै कृति प्रकाशन गरेको छ भने त्यो कृति पहिलेको भन्दा के कुरामा फरक छ, जस्ता कुराकानी अन्तर्वार्ताको क्रममा गरिन्छ ।[१२] गोर्खा एफएमकी कार्यक्रम सञ्चालक मोमिलाका अनुसार नयाँ स्रष्टासँग उनीहरूले लेखेका कृतिहरूमाथि आलोचनात्मक भन्दा पनि उत्साह दिने किसिमबाट कुराकानी गरिन्छ ।[१३] लेखनमा भर्खर छिरेका व्यक्तिको मनोबल नखस्कियोस् भन्ने सोचेर धेरै आलोचनात्मक भइँदैन ।

---

[१०] नेपाल एफएमको *साहित्य सुधा* कार्यक्रमका प्रस्तोता नरनाथ लुइँटेलसँग २०६६ माघ २ मा गरेको कुराकानी ।

[११] बेल्वासेसँग २०६६ पुस १६ मा गरेको कुराकानी ।

[१२] मेट्रो एफएमका कार्यक्रम सञ्चालक ज्ञानेन्द्र 'विवश' सँग २०६६ माघ ५ मा गरेको कुराकानी ।

[१३] मोमिलासँग २०६६ पुस २२ मा गरेको कुराकानी ।

यसरी कार्यक्रम सञ्चालन गर्न सजिलो हुने भएकाले मूलत: यी कार्यक्रमहरू मिश्रित मोडलमा चलेका छन् । छलफलको अंशलाई पुरक खण्डको रूपमा केही कार्यक्रममा लिइएको छ । कतै छलफललाई कार्यक्रमको उद्देश्यभित्र नै राखिएको छैन । कतै नयाँ स्रस्टासँग मात्र छलफल गरिन्छ ।

## *पुस्तक वाचन*

नयाँ साहित्यिक पुस्तकको चर्चा, जानकारी मिश्रित विषयवस्तुमा बज्ने कार्यक्रमहरूमा हुन्छन् । मिश्रित मोडलका कार्यक्रममा पुराना कहलिएका साहित्यिक पुस्तकबारे छलफल गरिँदैन । तर पुस्तकको वाचन गर्ने कार्यक्रममा पुराना वा बजारमा चलेका नयाँ पुस्तकहरूको वाचन गरिन्छ । पुस्तकको वाचन गर्ने कार्यक्रम एफएम स्टेसनका पुराना कार्यक्रम हुन् यस्तो एउटा कार्यक्रम हिट्स एफएममा २०५७ देखि निरन्तर बजिरहेको छ ।

यस्ता कार्यक्रमहरूमा गद्य साहित्यका सबै विधा, कथा, उपन्यास, नाटक, संस्मरण आदि वाचन गरिन्छ । तर हिट्स एफएममा बज्ने *अभिव्यक्ति* कार्यक्रममा राजनीतिक गद्य साहित्य बज्दैनन् । संस्मरणात्मक कृति पनि अझैसम्म बजाइएको छैन ।[१४] प्रत्येक हप्ता पुस्तक वाचन गर्दा सुरुमा प्रस्तोताले पुस्तकसम्बन्धी जानकारी दिने, अघिल्लो अङ्कमा पढिएका विषयवस्तुबारे जानकारी दिने र वाचन सुरु गर्ने गर्दछन् । सामान्यत: पुस्तक वाचन कार्यक्रममा एउटा पुस्तक पढ्न ४ देखि ६ महिना लाग्छ ।[१५] उज्यालो एफएममा बज्ने *श्रुति संवेग*मा त नेपाली साहित्य मात्र होइन अङ्ग्रेजी साहित्यबाट नेपालीमा अनुवाद गरेका केही उपन्यास पनि वाचन गरिन्छ । पुस्तक वाचन गर्ने कार्यक्रमहरूमध्ये *अभिव्यक्ति*मा कहिलेकाहीँ पुस्तकको पात्रअनुसार अतिरिक्त प्रस्तोताहरू पनि ल्याइन्छ । तर *श्रुति संवेग*मा भने कार्यक्रम सञ्चालक एक्लैले शास्त्रीय सङ्गीतलाई पृष्ठभूमिमा राखेर विषयवस्तु वाचन गर्दछन् । रेडियो मिर्मिरेको कार्यक्रम *स्मृतिका पानाहरू*मा पनि सञ्चालक एक्लैले यो कार्यक्रम वाचन गर्दथे । पुस्तक वाचन कार्यक्रममा कहिलेकाहीँ स्रस्टासँग छलफल गरिए पनि त्यो नगण्य मात्र हुने गरेको छ ।[१६]

---

[१४] हिट्स एफएमकी कार्यक्रम उत्पादन प्रमुख मन्दिरा ढुङ्गेलसँग २०६६ पुस ११ मा गरेको कुराकानी ।

[१५] हिट्स एफएममा *अभिव्यक्ति* कार्यक्रम चलाउने अर्जुन घिमिरेसँग २०६६ पुस ९ मा गरेको कुराकानी ।

[१६] उज्यालो एफएममा *श्रुति संवेग* कार्यक्रम चलाउने अच्यूत घिमिरेसँग २०६६ पुस २१ मा गरेको कुराकानी ।

## *पुस्तक कार्यक्रम*

पुस्तकबारे जानकारी दिने कार्यक्रमका विषयवस्तु पनि फरक-फरक हुन्छन् । सामान्यतया यस्ता कार्यक्रममा बजारमा आएका नयाँ साहित्यिक कृतिबारे जानकारी दिने गरिन्छ । त्यसपछि प्रस्तोताले आफ्नो तर्फबाट पुस्तकको अंश वाचन गर्दै समीक्षा गर्दछन् । वाचन गर्ने अन्य सामग्रीहरू चाहिँ पत्रपत्रिकामा प्रकाशित भएका साहित्यिक पुस्तकका समीक्षाहरू हुन्छन् । कार्यक्रममा अन्तर्वार्ताको अंश पनि समावेश गरिएको हुन्छ । मेरो एफएमको *कृताञ्जली* कार्यक्रममा प्रस्तोताले रेकर्डरको सहायताले मान्छेहरूसँग कुराकानी गरेको पाइयो । यसरी ल्याएको सामग्रीको आधारमा छलफलमा सहभागी स्रस्टालाई नयाँ-नयाँ प्रश्नहरू सोध्ने पनि चलन थियो । क्यापिटल एफएमको *पुस्तक संसार* कार्यक्रममा नयाँमात्र होइन पुराना पुस्तकको पनि चर्चा गरिन्छ । तर कार्यक्रममा कुराकानीको अंश समेटिँदैन । पुस्तकको विषयमा भन्दा पनि स्रस्टाको व्यक्तिगत विषयमा कुराकानी हुन्छ भन्ने आशयले यसो गरिएको हो । नयाँ कृतिको व्याख्या गर्दा पुस्तकको पृष्ठ सङ्ख्यादेखि प्रकाशक, मूल्य आदिबारे पनि जानकारी दिने गरिन्छ ।[१७] यसरी एउटा साहित्यिक पुस्तकलाई विभिन्न पक्षबाट व्याख्या विवेचना, विज्ञापन यी कार्यक्रमहरूमा गरिन्छ । *रेडियोमा पुस्तक* कार्यक्रममा लेखकसँग गरिने छलफलको अंशलाई मुख्य रूपमा समावेश गरिन्थ्यो । यद्यपि यसमा नयाँ पुस्तकबारे जानकारी र साहित्यिक समाचारको अंश पनि प्रसारण हुन्थ्यो ।

## *पुस्तकालय कार्यक्रम*

यो अध्ययन अवधिसम्म पुस्तकालयसम्बन्धी कार्यक्रम काठमाडौँमा एउटा मात्र एफएम रेडियोले बजाउने गर्छ । पर्यावरण चक्र एफएमले काठमाडौँ उपत्यका सार्वजनिक पुस्तकालयसँग संयुक्त रूपमा *पुस्तकालय* कार्यक्रम सञ्चालन गरेको छ । यसमा पुस्तकालयबारेका विभिन्न गतिविधि प्रसारण गरिन्छ ।[१८] कार्यक्रममा

---

[१७] क्यापिटल एफएममा *पुस्तक संसार* कार्यक्रम चलाउने तुलसा पाठकसँग २०६६ पुस १४ मा गरेको कुराकानी ।

[१८] रेडियो पर्वतको *पुस्तकालय* कार्यक्रममा स्कूलका पुस्तकालयको परिचय, स्थानीयवासीहरूको पुस्तकालयबारे प्रतिक्रिया समेट्ने गरेको छ । उनीहरूको पुस्तकालयबारेको सोच कस्तो छ ? भनेर स्थानीयवासीसँग पनि कुराकानी हुने गरेको छ । स्कूलमा पुस्तकालय स्थापना भइसकेपछिको आफ्नो पढ्ने बानीबारे विद्यार्थीहरूले अनुभव पनि कार्यक्रममा प्रस्तुत गर्दछन् । *पुस्तकालय* कार्यक्रमले त रिडर्स क्लब गठन गरेर, ती क्लबहरूमा हुने क्रियाकलाप पनि प्रसारण गरिरहेको छ । यो कुरा मोति पुस्तकालयका अध्यक्ष भोला लम्सालसँग २०६६ माघ २२ मा गरेको कुराकानीको आधारमा लेखिएको हो ।

पहिलो अंशको रूपमा 'पुस्तकालय गतिविधि' प्रसारण हुन्छ । यसअन्तर्गत पुस्तकालयमा आइपुगेका नयाँ पुस्तकहरूबारे जानकारी समेटिन्छ । कार्यक्रमको दोस्रो अंशमा, पुस्तकको समीक्षा र पुस्तकालयसम्बन्धी विषयवस्तु समेटिन्छ । पुस्तक समीक्षा चाहिँ विभिन्न पत्रपत्रिकामा छापिएका मध्येबाट लिइन्छ ।[१९] *पुस्तकालय* कार्यक्रमको तेस्रो अंशमा कुनै खास पुस्तकालयका बारेमा जानकारी दिने गरिन्छ । यसबाट कुनै पुस्तकालय अरूभन्दा के कुरामा भिन्न छ भन्ने जानकारी श्रोताले पाउँछन् । कार्यक्रमको चौथो अंशमा अन्तर्वार्ता प्रसारण हुन्छ । अन्तर्वार्ता पुस्तकालयसँग सम्बन्धित जुनसुकै विषयमा पनि हुनसक्छ । जस्तैः पुस्तकालयलाई अझ व्यवस्थित कसरी गर्न सकिन्छ भनेर पुस्तकालयका नीति निर्माताहरूसँग अन्तर्वार्ता गरिन्छ ।

## आर्थिक पक्ष

तालिकामा उल्लिखित कार्यक्रमहरू मूलतः साहित्यमा रुचि भएका व्यक्तिहरूलाई एफएम स्टेसनले समय प्रदान गरेर चलेका छन् । यस्ता कार्यक्रमहरू कलेज, पुस्तकालय, सङ्घसंस्थाहरूले सञ्चालन गरेका हुन् । केही पुस्तकसम्बन्धी कार्यक्रमलाई पुस्तक विक्रेताले सञ्चालन गरेका छन् । सङ्घसंस्थाको सहयोगमा पनि पुस्तकसम्बन्धी कार्यक्रमहरू चलेका छन् । यसरी सरसर्ती हेर्दा धेरै कार्यक्रमहरू स्वयंसेवी तरिकामा र थोरै कार्यक्रमहरू सामान्य आर्थिक सहयोगमा चलेका छन् । प्रस्तोतालाई व्यक्तिगत सहयोग दिएर पनि कार्यक्रम चलाइएको छ । केही सङ्घसंस्थाहरूले सामान्य लगानी गरेका छन् । थोरै मात्र स्टेसनहरूले प्रस्तोतालाई पारिश्रमिक दिन्छन् । कार्यक्रम प्रस्तोताले प्रति कार्यक्रम रु. पाँचसय रुपियाँभन्दा बढी पारिश्रमिक पाएको भेटिएन । यहाँ स्वयंसेवीको रूपमा चलेका कार्यक्रमहरू र बाह्य आर्थिक सहायतामा चलेका कार्यक्रमहरूको छुट्टाछुट्टै चर्चा गरिएको छ ।

### *स्वयंसेवी प्रस्तोता*

नेपाल एफएममा समाचार सम्पादकको रूपमा छिरेका नरनाथ लुइँटेलले पनि साहित्यिक कार्यक्रमको छुट्टै पैसा पाएका छैनन् । अहिले उनी नेपाल एफएममा साहित्यिक कार्यक्रमसँग मात्र आवद्ध छन् । उनले हप्तामा दुई दिन बज्ने साहित्यिक कार्यक्रमबाट पारिश्रमिक पाउँदैनन् । समसामयिक राजनीतिक सन्दर्भको कार्यक्रम चलाउन इमेज एफएम छिरेका ठाकुर बेल्बासेले साहित्यिक कार्यक्रम

---

[१९] पर्यावरण चक्र एफएमको *पुस्तकालय* कार्यक्रमका प्रस्तोता गोविन्द दाहालसँग २०६६ माघ ४ मा गरेको कुराकानी ।

चलाएबापत पैसा पाउँदैनन् । मदन भण्डारी कलेजको अग्रसरतामा मेरो एफएमले चलाएको *कृताञ्जली* कार्यक्रमकी प्रस्तोता एलिना अदिप्तले पनि कार्यक्रम गरेबापत कुनै पारिश्रमिक पाइनन् । पारिश्रमिक नदिएको सन्दर्भमा एफएम स्टेसनहरूको आ-आफ्नै तर्क छ । कसैले ती आफ्ना कार्यक्रम नभएको कारणले पारिश्रमिक नदिएको भन्छन् । कसैले यी कार्यक्रमलाई प्रस्तोताको अतिरिक्त जिम्मेवारीको उत्पादन भनेका छन् । मेरो एफएमका स्टेसन म्यानेजर दीपक समिर भन्छन्, "यो त मदन भण्डारी कलेजको कार्यक्रम हो, त्यसैले पारिश्रमिक नदिएको हो आफ्नो कार्यक्रममा त पारिश्रमिक दिन्छौँ ।"[२०] इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्यले "हामी साहित्य कार्यक्रम गर्न भनेर प्रस्तोतालाई भर्ना नै गरेका होइनौँ, त्यो त प्रस्तोतालाई काम गर्ने समय भित्र दिएको अतिरिक्त जिम्मेवारी हो"[२१] भने । साहित्यिक कार्यक्रमलाई पारिश्रमिक नदिने हुँदा कार्यक्रम प्रस्तोताहरू पनि आस गर्दैनन् । नेपाल एफएमका कार्यक्रम प्रस्तोता नरनाथ लुइँटेल भन्छन्, "समाचार सम्पादकको काम गर्दा पारिश्रमिक दिन धौ-धौ मान्ने एफएम स्टेसनले साहित्यिक कार्यक्रमको के पैसा दिन्छ र ?"[२२] यस प्रकारले कार्यक्रम प्रस्तोताले स्वयंसेवकका रूपमा काम गरेर पनि चित्त बुझाएका छन् ।

साहित्यका कार्यक्रममा खालि नयाँ स्रस्टालाई बोलाउनु र उनीहरूको किताबमा छलफल गर्नु एउटा बाध्यता बनेको छ । त्यसको प्रमुख कारण चाहिँ अन्तर्वार्तामा सहभागी हुन आउने व्यक्तिलाई एफएम स्टेसनले आतेजाते खर्च पनि नबेहोर्नुले हो । नेपाल एफएमका कार्यक्रम प्रस्तोता नरनाथ लुइँटेल भन्छन्, "एउटा छलफल कार्यक्रममा बोलाएका एक अतिथिले ठाडै - 'एफएमले यदि मेरो आतेजाते खर्च बेहोरेमा आउँछु नत्र आउँदिनँ' भने । मैले 'टेक्सी भाडा म दिन्छु आउनुस्' भन्दा 'म व्यक्तिको पैसा लिन्नँ, त्यसैले आउँदिनँ' भने ।"[२३] यसरी कार्यक्रममा आउने स्रस्टालाई पारिश्रमिक त होइन आतेजाते खर्च बेहोर्न नसक्दा पनि पुराना स्रस्टालाई लिएर कार्यक्रम चलाउन गाह्रो भैरहेको छ ।

पुस्तकसम्बन्धी कार्यक्रमहरू विनापारिश्रमिकमा गराउन केही एफएम स्टेसनहरू इच्छुक देखिन्छन् । भक्तपुर एफएममा पुस्तकसम्बन्धी कार्यक्रम छैन, रेडियो मिर्मिरेमा र मेरो एफएममा पनि त्यस्तो कार्यक्रम बन्द भैसकेको छ । तर

---

[२०] समिरसँग २०६६ पुस १४ मा गरेको कुराकानी ।

[२१] शाक्यसँग २०६६ माघ १७ मा गरेको कुराकानी ।

[२२] प्रस्तोता नरनाथ लुइँटेलसँग २०६६ माघ २ मा गरेको कुराकानी ।

[२३] प्रस्तोता नरनाथ लुइँटेलसँग २०६६ माघ २ मा गरेको कुराकानी ।

यी स्टेसनमा यदि इच्छुक कार्यक्रम प्रस्तोताहरू आएमा उनीहरूलाई कार्यक्रम चलाउन दिन सकिने सोच त्यहाँका एफएम व्यवस्थापकहरूको छ ।

## *बाह्य आर्थिक सहयोग*

बाह्य आर्थिक सहयोगमा पनि कार्यक्रम चलेका छन् । जस्तो जापान फाउण्डेसन एसिया सेन्टरको सहयोगले २०५८ सालमा *रेडियोमा पुस्तक* कार्यक्रम चलेको थियो । यो कार्यक्रमको लागि एक वर्षसम्म सो संस्थाले आर्थिक सहयोग गरेको थियो । क्यापिटल एफएममा २०६६ माघसम्म सञ्चालन भइरहेको *पुस्तक संसार* कार्यक्रमलाई रत्न पुस्तक भण्डारले मासिक ६,००० रुपियाँ सहयोग गरिरहेको छ ।[२४] रुम टु रिडको स्थानीय सहयोगी संस्था पर्वतको मोति पुस्तकालयले *पुस्तकालय* कार्यक्रम गरिरहेको छ । रुम टु रिडले प्रति कार्यक्रम रु. एक हजार दिँदै आएको छ । सन् २००९ मा रुम टु रिडको सहयोगमा २६ ओटा कार्यक्रम चलाएको थियो । सन् २०१० मा ५२ ओटा कार्यक्रम गर्ने सम्झौता भएको छ ।[२५] पुस्तक किन्न, अन्तर्वार्तामा आउने व्यक्तिलाई आतेजाते खर्च बेहोर्न समेत रकम चाहिन्छ । तसर्थ रकमको आवश्यक हुनु स्वाभाविक हो । त्यसैले सन् २०१० मा सन् २००९ भन्दा २३ ओटा कार्यक्रम बढी गर्ने सम्झौता भएको छ । यसरी बाह्य आर्थिक सहयोगमा पनि कार्यक्रमहरू चलेका छन् ।

## *विज्ञापन*

एफएम स्टेसनका व्यवस्थापकहरू पुस्तकसम्बन्धी रेडियो कार्यक्रम नहुनुमा विज्ञापनलाई कारण देखाउँछन् । उनीहरूको विचारमा पुस्तकसम्बन्धी कार्यक्रमहरू व्यावसायिक हुन सकेका छैनन् । विज्ञापनविना यी कार्यक्रमहरू चलाउन सकिन्न । यसले गर्दा प्रस्तोता आह्वान गर्न समस्या पर्ने भनाइ स्टेसन व्यवस्थापकहरूको छ । पुस्तकसम्बन्धी कार्यक्रम नहुनुको कारणहरू केलाउँदै इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्य भन्छन् :

> पुस्तकसम्बन्धी कार्यक्रम गर्न भनेर स्टेसनले उद्घोषकको आह्वान नै गर्दैन । इमेज एफएमले अहिलेसम्म गरेको छैन । स्टेसनसँग भएका प्रस्तोताहरू पनि यस्ता कार्यक्रममा कमै रुचि राख्छन् । त्यसैले यस्ता कार्यक्रम सञ्चालन गर्न बाहिरबाट मान्छेलाई

---

[२४] रत्न पुस्तक भण्डारका प्रबन्धक गोविन्द श्रेष्ठसँग २०६६ माघ ७ मा गरेको कुराकानी ।

[२५] मोति पुस्तकालयका अध्यक्ष भोला लम्सालसँग २०६६ माघ २२ मा गरेको कुराकानी ।

> आह्वान गर्नुपर्छ । बाहिरको व्यक्तिलाई कार्यक्रम चलाउन दिँदा, पारिश्रमिकको कुरा स्टेसनको लागि टाउको दुखाइको विषय हुनसक्छ । इमेज एफएममा चल्ने साहित्यिक कार्यक्रम *आरोह*का लागि पनि प्रस्तोता आह्वान गरिएको होइन । हामीले समसामयिक सन्दर्भको कार्यक्रम चलाउनको लागि प्रस्तोता छानेका हौँ । उनले साहित्यमा रुचि भएकै कारणले यो कार्यक्रम पनि चलाएका हुन् । यसको छुट्टै पारिश्रमिक भने उनले पाउँदैनन् ।[२६]

प्रस्तोता बाहिरबाट नै ल्याउनुपर्छ, भन्ने केही छैन । व्यवस्थापकहरूले आफ्नै प्रस्तोताहरूलाई प्रोत्साहन गर्न सक्यो भने यस्ता कार्यक्रमहरूको सम्भावना रहन्छ । उनीहरूलाई पारिश्रमिक दिनै सकिँदैन भन्ने पनि होइन । किनभने केही प्रकाशन गृहका विज्ञापनहरूलाई एफएम स्टेसनले प्रयोग गर्न सकेका छैनन् । प्रकाशन गृहहरूले पुस्तकलाई प्रवर्द्धन गर्न सिनेमा हलहरूलाई प्रयोग गरेका छन् । एफएम रेडियोलाई प्रयोग गरेका छैनन् । रेडियो व्यवस्थापनले यस्ता प्रकाशकहरूसँग आफ्नो अन्तरसंवाद अघि बढाएको पाइँदैन । मार्टिन चौतारीमा आयोजित एक कार्यक्रममा नेपालयका किरण श्रेष्ठले *पल्पसा क्याफे* र *घनचक्कर* जस्ता पुस्तकको व्यापार प्रवर्द्धनमा विशेष ध्यान दिएकाले ती किताबहरू धेरै सङ्ख्यामा बिक्री भएको बताएका थिए । ती पुस्तकहरूको विज्ञापन चाहिँ रेडियोबाट एउटा पनि नभएको कुरा सोही कार्यक्रममा उनले स्वीकारेका थिए । बरु सिनेमा हलहरूमा यसको विज्ञापन गरिएको थियो ।[२७] यसो हुनुमा ती प्रकाशक र एफएम रेडियोबीच अन्तर्क्रिया नहुनु एउटा कारण हुनसक्छ । किनभने उनीहरूले रेडियोमा विज्ञापनको प्रयोग नै गरेका थिएनन् । र रेडियोले पनि ती विज्ञापन तान्ने आकर्षक कार्यक्रम उत्पादन गर्न नसकेकाले विज्ञापन अन्तै गएको अनुमान गर्न सकिन्छ । यसरी एफएम रेडियोले एकातिर पुस्तकसम्बन्धी कार्यक्रम गर्न नसक्नुमा विज्ञापनको कारण देखाउँछन् । तर भएका विज्ञापनमा उनीहरूको ध्यान भने गएको छैन । एफएम रेडियोमा पुस्तक विक्रेता र प्रकाशकले दिने विज्ञापन पनि छन् । केही नियमित बजेका पनि छन् । त्यस्ता विज्ञापनमा पुस्तक पसलमा कुन नयाँ पुस्तक आइपुग्यो भन्ने जानकारी पनि प्रसारण हुन्छ ।[२८] युनाइटेड बुक्सको विज्ञापन हिट्स एफएममा नियमित रूपमा बज्छ ।

---

[२६] शाक्यसँग २०६६ माघ १७ मा गरेको कुराकानी ।

[२७] मार्टिन चौतारीमा २०६६ पुस १२ मा आयोजित 'नेपालमा प्रकाशन उद्योग' बारे विशेष छलफल कार्यक्रममा नेपालयका प्रवन्धक किरण श्रेष्ठले व्यक्त गरेको विचार ।

[२८] हिट्स एफएमका लगानीकर्ता जीवनलाल श्रेष्ठसँग २०६६ माघ १९ मा गरेको कुराकानी ।

तर बजारमा भएको विज्ञापनको सम्भावनातिर एफएम स्टेसनको कमै ध्यान गएको छ ।

केही एफएम स्टेसनहरू चाहिँ पुस्तकसम्बन्धी कार्यक्रम नहुनुमा प्रायोजकको अभावलाई दोष दिन्छन् । उनीहरूको विचारमा स्टेसनका आम श्रोताहरूले पुस्तकसम्बन्धी कार्यक्रम सुन्दैनन् । त्यसकारण यी कार्यक्रमहरूलाई प्रायोजन गरिनुपर्ने उनीहरूको धारणा छ । यो कुरालाई थप प्रस्ट पार्दै कान्तिपुरका स्टेसन म्यानेजर प्रभात रिमाल भन्छन् :

> कान्तिपुर बजारबाट चलेको एफएम स्टेसन हो । बजारले जे माग्छ त्यही पस्कने हो । एउटा चाउचाउ कम्पनीले पुस्तकसम्बन्धी कार्यक्रमलाई विज्ञापन गर्दैन भने हामी कसरी चलाउने ? तैपनि, हामीकहाँ पुस्तकसम्बन्धी चर्चा साहित्यिक कार्यक्रममा हुने गर्छन् । तर पुस्तकसम्बन्धी कार्यक्रम गर्नलाई प्रायोजन हुनुपर्छ । अर्को, कान्तिपुर एफएमका लक्षित युवा श्रोताहरू छन् । उनीहरूको सुन्ने रुचि यस्ता पुस्तकसम्बन्धी कार्यक्रममा कमै छ भन्ने हामीहरूको सोच हो । त्यसैले हामीहरू पुस्तकसम्बन्धी कार्यक्रम गर्न सकेका छैनौं । यदि कसैले प्रायोजन गर्छ भने हामी कार्यक्रम सञ्चालन गर्न तयार छौं । बाहिरबाट आउने सञ्चालकलाई पनि कार्यक्रम दिनलाई कुनै अप्ठ्यारो छैन । बिहानको कार्यक्रममा पनि यो गर्न सकिन्छ ।[२९]

स्टेसनहरूले पुस्तकसम्बन्धी कार्यक्रमलाई श्रोताहरूले नसुन्ने कार्यक्रमको रूपमा लिन्छन् । यो उनीहरूको पूर्वाग्रह हो ।[३०]

## सम्भावना

पुस्तकसम्बन्धी कार्यक्रम सञ्चालन गर्न आर्थिक पक्ष मात्र प्रमुख कुरा होइन । कार्यक्रम सञ्चालक र प्रस्तुत हुने विषयवस्तु पनि उत्तिकै महत्त्वपूर्ण हुन्छन् । आर्थिक पक्षले कार्यक्रमलाई टिकाइरहन मद्दत गर्छ । तर सुन्ने पक्षसम्म कार्यक्रम बाँधेर राख्न विषयवस्तु र प्रस्तुति महत्त्वपूर्ण हुन्छ । यसैले सम्भावनाको कुरा गर्दा प्रस्तोता, विषयवस्तु र आर्थिक विषयलाई यहाँ प्रस्तुत गर्न सकिन्छ ।

---

[२९] रिमालसँग २०६६ माघ १९ मा गरेको कुराकानी ।

[३०] इमेज एफएममा बन्द भैसकेको कार्यक्रम सारस्वतका प्रस्तोता श्री ओम श्रेष्ठ 'रोदन', उज्यालो नेटवर्कको श्रुति संवेग कार्यक्रमका प्रस्तोता अच्यूत घिमिरे यो कुरा स्वीकार्दैनन् । मार्टिन चौतारीमा २०६६ माघ २८ मा आयोजित 'रेडियोमा पुस्तक' नामक छलफल कार्यक्रममा उनीहरूले साहित्यिक कार्यक्रम लोकप्रिय हुन्छन् भन्ने तर्क गरेका थिए ।

### *प्रस्तोता*

पुस्तकसम्बन्धी कार्यक्रम गर्न बाहिरबाटै प्रस्तोता आह्वान गर्नुपर्छ भन्ने छैन । मार्टिन चौतारीमा आयोजित छलफल कार्यक्रममा वक्ताहरूले पनि यो कुरा व्यक्त गरेका थिए । उज्यालो एफएमको *श्रुति संवेग* कार्यक्रमका प्रस्तोता अच्यूत घिमिरेले एफएम स्टेसनमा साहित्यका विभिन्न पुस्तकहरू वाचन गर्छन् । तर उनी कार्यक्रमको तयारी बाहेक साहित्य लेखन र पठन कार्यमा संलग्न हुँदैनन् । उनी भन्छन्, "पुस्तकसम्बन्धी कार्यक्रम चलाउन साहित्यकार नै हुनुपर्छ भन्ने छैन ।"[३१] यसरी स्टेसन भित्रकै कार्यक्रम प्रस्तोताहरूले पनि यस्ता कार्यक्रम चलाउन सक्छन् भन्ने तर्क छलफलमा उठेको थियो । त्यसैले एफएम स्टेसनले आफ्ना पूर्णकालीन वा अल्पकालीन प्रस्तोतालाई पनि कार्यक्रम सञ्चालनार्थ प्रयोग गर्न सक्छ । यसले गर्दा बाहिरबाट प्रस्तोता ल्याउँदा आइपर्ने झञ्झटबाट एफएम स्टेसन पनि मुक्त हुन सक्छ ।

### *विषयवस्तु*

पत्रपत्रिकामा पनि पुस्तकसम्बन्धी चर्चा परिचर्चा धेरै भएको पाइन्छ । *नागरिक* दैनिकमा 'अक्षर' भन्ने साप्ताहिक स्तम्भ नै छ । अन्य पत्रिकाले पनि पुस्तक समीक्षा छाप्छन् । त्यसैले पुस्तकको मात्रै चर्चा गर्ने कार्यक्रममा प्रस्तुत गर्ने विषयवस्तु ती साप्ताहिक स्तम्भबाट लिन सकिन्छ । यस्तो अवस्थामा केही सञ्चालकले गुनासो गरेजस्तो अन्तर्वार्तालाई पुरकको खण्डको रूपमा प्रस्तुत गर्नुपर्छ भन्ने छैन । आवश्यकताअनुसार नै प्रयोग गर्न सकिन्छ । छापा माध्यममा आएका पुस्तकसम्बन्धी विषयहरूलाई पनि एफएम रेडियोमा पढ्न सकिन्छ । एफएम रेडियोका कार्यक्रम उत्पादकले छापामा आएका नयाँ पुस्तकबारेका समीक्षा वा पुस्तक सार (एब्स्ट्रयाक्ट) पनि पढ्न सक्छन् । एफएम रेडियोमा पुस्तक वाचन गर्न पनि सकिन्छ । कार्यक्रमको शृङ्खलाहरूमा पुस्तकका अंशहरू वाचन गरेर कार्यक्रम सञ्चालन गर्न सकिन्छ । दुई वा चार जना पाठकलाई बोलाउने र उनीहरूलाई कुनै खास पुस्तकबारे प्रतिक्रिया दिन लगाएर पनि कार्यक्रम चलाउन सकिन्छ । समालोचक वा समीक्षक वा लेखक स्वयंलाई कार्यक्रममा बोलाएर पनि कार्यक्रम सञ्चालन गर्न सकिन्छ । सन् १९९८ मा

---

[३१] मार्टिन चौतारीमा २०६६ माघ २८ मा आयोजित 'रेडियोमा पुस्तक' नामक छलफल कार्यक्रममा घिमिरेले व्यक्त गरेको विचार ।

रेडियो सगरमाथामा *डबली* कार्यक्रम चलाएको अनुभवको आधारमा मिडिया अनुसन्धाता प्रत्यूष वन्त लेख्छन् :

> एकपटक कार्यक्रममा खगेन्द्र सङ्ग्रौलाको *जुनकिरीको सङ्गीत* उपन्यासबारे लेखकसँग कुराकानी भएको थियो । यस उपन्यासको मौखिक टिप्पणी विभिन्न दुईओटा कार्यक्रममा सुनेको थिएँ । दुईओटा प्रकाशित समीक्षा पनि पढेको थिएँ । यो उपन्यासमाथि चर्चा गर्दा टिप्पणीकर्ता र समीक्षक बोलाउनु परेन । ती टिप्पणी र प्रकाशित समीक्षाका आधारमा लेखकलाई प्रश्न गरियो । यसबाट लेखकले अप्रत्यक्ष रूपमा समीक्षक वा पाठकलाई उत्तर दिएका थिए । र यो ढाँचाबाट उनी खुसी नै देखिन्थे । (वन्त २००६ : ११२, लेखकको नेपाली अनुवाद) ।

पुस्तकसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा यस्तै प्रकारको ढाँचालाई पनि प्रयोग गर्न सकिन्छ । पुस्तक प्रकाशनमा लागेका व्यक्तिहरूलाई पनि कार्यक्रममा बोलाई छलफल गर्न सकिन्छ । पुस्तकको प्रकाशन, वितरण, व्यापार प्रवर्द्धन आदिबारे कार्यक्रममा कुराकानी गर्न सकिन्छ । त्यसै गरी रुचि भएका श्रोताहरूसँग फोनवार्ता गरेर पनि प्रकाशित पुस्तकबारे समीक्षा गर्न सकिन्छ ।

पुस्तकसम्बन्धी चर्चा गर्ने कार्यक्रममा गैर साहित्यको विषयवस्तुलाई पनि सँगसँगै समेट्न सकिने हो । तर यो अध्ययन अवधिमा चलिरहेका पुस्तकसम्बन्धी चर्चा गर्ने कार्यक्रमहरूमा समेटेको पाइएन । यस्ता गैर साहित्यिक पुस्तकको चर्चा गर्ने कार्यक्रम पनि एफएम स्टेसनमा रुचिपूर्ण नै हुन्छन् । जस्तै, इतिहास, भूमि, संस्कृति, पर्यटनसम्बन्धी लेखिएका पुस्तकहरूबारे कार्यक्रम सञ्चालन गर्न सकेमा ती सूचनामूलक हुन्छन् । साहित्य र गैर साहित्यिक कार्यक्रमको संयुक्त मोडल नै उपयुक्त हुन सक्छ । नेपालमा साहित्य कार्यक्रमको इतिहास पुरानो छ । यसका श्रोताहरू पनि धेरै छन् । प्रस्तोता अनुसार लोकप्रिय पनि छन् । हरेक गैर साहित्यिक पाठक वा श्रोताहरू साहित्य पढेर वा सुनेर नै आफ्नो रुचिको विकास गरेका हुन्छन् भन्ने कुरालाई मान्ने हो भने ती श्रोता वा पाठकलाई गैर साहित्यप्रति मोह जगाउन साहित्य कार्यक्रमसँगै गैर साहित्यको कार्यक्रम राख्न सक्यो भने प्रभावकारी हुन सक्छ ।

### *आर्थिक सम्भावना*

पुस्तक विक्रेता तथा प्रकाशक पनि एफएममा पुस्तकसम्बन्धी कार्यक्रम गर्न सकारात्मक छन् । उनीहरूको गुनासो चाहिँ रेडियोले पुस्तकलाई त्यति स्थान दिँदैनन् भन्ने हो । एफएम स्टेसनहरूले पुस्तकसँग सम्बन्धित कार्यक्रमको लागि

प्रायोजक खोज्ने चलन पनि छैन । एफएम स्टेसन त अझ यस्तो कार्यक्रमको ढाँचा हामीहरूसँग छ र हामीलाई सहयोग गर्नुस् भनेर प्रायोजक खोज्न गएका छैनन् । पुस्तक विक्रेताहरूले विभिन्न पत्रिकाहरूलाई विज्ञापन वा सहयोग दिएको आधार देखाउँछन् । एफएम स्टेसनले हामी पुस्तकसम्बन्धी कार्यक्रम गर्छौं भनेर आएमा नदिने भन्ने कुरै हुँदैन भन्ने धारणा पुस्तक विक्रेताहरूको छ । राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक सङ्घका अध्यक्ष रामचन्द्र तिमोथी भन्छन् :

> रेडियो नेपाल र नेपाल टेलिभिजन बाहेक अरू कोही मसँग माग्न आएको सम्झना छैन । *रिड* भन्ने पत्रिकाको निम्ति हामीले सहयोग गरेका थियौं, यदि एफएम स्टेसनमा पनि त्यस्ता कार्यक्रम आउँछन् भने हामी सहयोग नगर्ने भन्ने हुँदैन । यदि कसैले प्रस्ताव गर्छ भने प्रकाशकको तर्फबाट कार्यक्रमको जम्मा खर्चको पचास प्रतिशत खर्च प्रकाशक सङ्घले बेहोर्न सक्छ ।[३२]

रत्न पुस्तकले पाँच वर्ष निरन्तर चलिरहेका साहित्यिक पुस्तकहरूलाई आर्थिक सहयोग गरिरहेको छ । यसमा *कलश, दायित्व, मधुपर्क, जनमत, रचना, भृकुटी* आदि पर्छन् । यसका प्रवन्धक गोविन्द श्रेष्ठ भन्छन्, "यदि एफएम रेडियोमा पनि यस्ता कार्यक्रम गरिन्छ भने हामीहरूले सहयोग नगर्ने भन्ने होइन । तर कार्यक्रम निरन्तर हुनुपर्छ । यस्तो भएमा हामी सहयोग गर्न सक्छौं ।"[३३]

नेपालमा पुस्तक प्रकाशन गर्ने प्राज्ञिक गैरसरकारी संस्थाहरू छन् । ती संस्थाहरूबाट प्रकाशित हुने पुस्तक र पुस्तकालयको प्रयोग गर्न सकिने स्थिति पनि छ । जस्तो : मार्टिन चौतारी, सोसल साइन्स बहाः । ती संस्थाहरूसँग सहकार्य गरेर पनि एफएम रेडियोमा पुस्तकसम्बन्धी कार्यक्रम गर्न सकिन्छ । पुस्तकालय प्रवर्द्धनको लागि खोलिएका संस्थाहरू पनि पुस्तकसम्बन्धी कार्यक्रमको लागि सहयोग गर्न तयार छन् । स्थानीय एफएम रेडियोहरूमा यस्ता क्रियाकलापलाई प्रोत्साहन गर्ने सोच रुम टु रिडको छ ।[३४] यस्ता सम्भावनालाई एफएम स्टेसनले उपयोग गर्न आवश्यक छ ।

---

[३२] राष्ट्रिय पुस्तक विक्रेता तथा प्रकाशक सङ्घका अध्यक्ष रामचन्द्र तिमोथीसँग २०६६ माघ २४ मा गरेको कुराकानी ।

[३३] श्रेष्ठसँग २०६६ माघ ७ मा गरेको कुराकानी ।

[३४] रुम टु रिड, नेपालका कार्यक्रम निर्देशक गोपिनी पाण्डेसँग २०६६ माघ २२ मा गरेको कुराकानी ।

## अन्त्यमा

काठमाडौँमा पुस्तक प्रकाशन कार्यमा प्रकाशन गृह, पुस्तक विक्रेता र पछिल्लो समयमा प्राज्ञिक गैरसरकारी संस्थाहरू संलग्न छन्। उनीहरू पाठक बढाउन चाहन्छन् । एफएम रेडियोमा पुस्तकसम्बन्धी कार्यक्रम पनि पाठक बढाउने माध्यम हुनसक्छ। यसैले पुस्तक प्रकाशन र लेखनमा रुचि राख्ने केही व्यक्तिहरू आफैं विज्ञापन खोजेर रेडियोमा कार्यक्रम चलाएका छन् । तीमध्ये केही जेनतेन चलिरहेका पनि छन् । केही बन्द भैसकेका छन् । बिँड तातेर के गर्ने ताप्के नतातेपछि ? एफएम रेडियोले व्यक्तिगत रुचिलाई स्थान दिनुभन्दा पनि आफैं यस्ता कार्यक्रम सञ्चालन गर्नु पर्छ ।

एफएम रेडियोका व्यवस्थापकहरूले केही गृहकार्य गरेर पुस्तक प्रकाशन गृह, विक्रेता, प्रज्ञिक गैरसरकारी संस्था वा अन्य पुस्तकसम्बन्धी रुचि राख्ने संस्थाहरूसँग सम्बन्ध बढाउन सकेमा यस्ता कार्यक्रमहरू व्यावसायिक रूपमा पनि चल्छन् । यसको लागि एफएम स्टेसनकै जनशक्तिलाई प्रयोग गर्न सकिन्छ । तर एफएम रेडियोको उदासिनताले त्यो हुन सकिरहेको छैन ।

**धन्यवाद**

यो अनुसन्धान गर्न प्रेरित गर्नुहुने मार्टिन चौतारीका प्रत्यूष वन्तलाई धन्यवाद छ । अनुसन्धानको सिलसिलामा विभिन्न जानकारी दिएर सहयोग गरेका कार्यक्रम सञ्चालक, स्टेसन म्यानेजर, एफएम स्टेसनका व्यवस्थापक, पुस्तक विक्रेता प्रति अनुगृहीत छु । लेखको विभिन्न मस्यौदा पढी सुझाव दिनुहुने प्रत्यूष वन्त, सङ्गीता पाण्डे, शेखर पराजुली, देवराज हुमागाईं र हर्षमान महर्जनलाई धन्यवाद छ ।

## सन्दर्भ सामग्री

उप्रेती, टङ्क । २०५७ । विद्युतीय सञ्चारमाध्यममा नेपाली साहित्य । *मधुपर्क,* पुस, पृ. ३-७ ।

Onta, Pratyoush. 2006. Discussing books over radio. In *Mass Media in Post-1990 Nepal,* pp. 112-115. Kathmandu: Martin Chautari.

Onta, Pratyoush. 2009. Promoting books: Media Needs to do More. *Republica*, 11 December, p. 10.




## चौतारी पुस्तक शृङ्खला- ५१

नेपाली एफएम रेडियोमा भैरहेका नेटवर्किङको अभ्यासबारेको बहसमा यो पुस्तक केन्द्रित छ। बहसका भिन्न धारहरूको चर्चा परिचय खण्डमा गरिएको छ भने पहिलो अध्यायमा एफएम रेडियोमा नेटवर्किङको विकास/विस्तारक्रमलाई केलाइएको छ। विस्तारको प्रवृत्ति हेर्दा भिन्न प्रकृति र उद्देश्यका रेडियो नेटवर्किङहरूको उपस्थिति आउँदा दिनमा बाक्लिने सङ्केत देखिन्छ। पुस्तकको दोस्रो र तेस्रो अध्यायले नेटवर्किङअन्तर्गत प्रसारण भैरहेका सामग्री या कार्यक्रमका अन्तर्वस्तु खोतल्छन्। राष्ट्रिय चासोका यावत् मुद्दाबारे कार्यक्रम तथा समाचार उत्पादन गर्दै तिनलाई मोफसलका श्रोतामाझ पुऱ्याउन नेटवर्किङको भूमिका रहेको यी दुई अध्यायले देखाउँछन्।

काठमाडौंबाहिरका एफएम रेडियोको अवस्था र तिनमा नेटवर्किङले पारेको प्रभावको लेखाजोखा पुस्तकको चौथो अध्यायमा गरिएको छ। छोटो समयमा बग्रेल्ती रेडियो खुलेकाले तीव्र स्पर्धा त छ नै, दक्ष जनशक्तिको अभाव पनि उत्तिकै छ। यस्तो परिस्थितिमा नेटवर्किङका कार्यक्रमले एफएम रेडियोहरूलाई केही राहत मिलेको भए पनि यसले परनिर्भरता बढाएको छ। र, स्थानीय मुद्दा कम प्राथमिकतामा पर्ने देखाएको छ।

मिडिया अध्येता, र स्वतन्त्र रेडियोप्रति चासो राख्ने सबैका लागि *रेडियो नेटवर्क : अभ्यास, अन्तर्वस्तु र स्थानीय प्रभाव* उपयोगी हुनेछ।